# उपसंहार

बझाङ जिल्लाको उच्च पहाडी भूगोलमा अवस्थित रहेको यस केदारस्युँ गाउँपालिकाको आफ्ना आन्तरिक स्रोतहरु न्यून रहेको अवस्थामा पनि आर्थिक वर्ष २०७५।७६ मा ९ वटै वडाहरुका मागहरुलाई समेट्ने प्रयास गरिएको छ । तथापी जनताका असीमित आवश्यकता र मागलाई सीमित स्रोत, साधनहरुबाट सम्बोधन गर्नु ज्यादै जटिल कार्य हो । राजनैतिक तथा सामाजिक चेतनामा आएको वृद्धिले जनतामा ल्याएको अधिकारमुखी जागरण र सशक्तीकरण तथा सूचना तथा सञ्चार प्रविधिको विकास र विश्वव्यापीकरणको प्रभावले चुलिएका जनताका आकांक्षालाई गाउँपालिकाको वार्षिक योजनाले मात्र सम्बोधन गर्ने कार्य कठिन छ । यद्यपी गाउँपालिकाको वार्षिक योजना निर्माण गर्ने क्रममा प्राप्त मार्गदर्शन तथा आधारहरुलाइ अक्षरस: पालना गर्दै भूगोल तथा जनसंख्या समेतलाई विशेष ध्यानमा राखिएको छ । आगामी दिनमा समेत प्राथमिकताका आधारमा यस गाउँपालिका क्षेत्रभित्र विकासका योजनाहरुलाई सम्बोधन गर्दै लाने लक्ष्य लिइएको छ ।

गाउँपालिकाबाट सम्बोधन हुन नसकेका योजनाहरुलाई जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा केन्द्र सरकारसंग आवश्यक स्रोत माग गर्ने निर्णय भएको छ । उल्लेखित स्तरमा माग गरिएको योजनाहरुको सम्बन्धित निकायहरुबाट सम्बोधन हुनेछ भन्ने विश्वास लिइएको छ । विगतमा जनप्रतिनिधिहरु नहुँदा स्थानीय निकायहरुबाट सञ्चालन हुने विकास योजना तथा कार्यक्रमहरु प्रभावकारी नभएको अवस्थामा अब उपरान्त गाउँपालिकाबाट सञ्चालन हुने विकास योजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन भई विकास र समृद्धिमा छिट्टै फड्को मार्नेछ भन्ने हामीले आशा राखेका छौं ।

अन्त्यमा यस गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को विकास योजना तर्जूमा गर्नका लागि सहयोग गर्नुहुने गाउँपालिकाका उपाध्यक्ष, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाहरु, विकासप्रेमी केदारस्युँ गाउँपालिकाबासी जनसमुदाय र यस गाउँपालिकाको प्रभावकारी कार्य संचालनमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण गाउँ कार्यपालिका अन्तर्गतका कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौ ।

ईन्द्र बहादुर भण्डारी
अध्यक्ष
लगायत सम्पूर्ण गाउँसभा सदस्यहरु
(केदारस्युँ गाउँ कार्यपालिका, देउरा, बझाङ्ग)